# सानी र परी



बिक्रीका लागि होइन

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# सानी र परी



यो सन्दर्भ सामग्री
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

लेखक
मोना शेर्पा

चित्राङ्कन
राजुबाबु शाक्य 'शारब'

सम्पादक
शान्तदास मानन्धर

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

बिक्रीका लागि होइन ।

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७६

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

# हाम्रो भनाइ

बालबालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइसम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बालबालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्यपुस्तकमा भएका विषयवस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा रुम टु रिडले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बालबालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७६ | पाठ्यक्रम विकास केन्द्र

बिक्रीका लागि होइन


ORS

सानी साथीहरूसँग खेल्न र यताउति घुम्न, डुल्न पाए खुबै रमाउँथिन् ।




उनको पढाइ राम्रो थियो, तर गृहकार्य गर्नुपर्दा उनी “गृहकार्य गर्नु नपरे कस्तो मजा !” भनी सोचिथिन् । त्यसैले उनी गृहकार्यलाई सकेसम्म पन्छाउँथिन् ।





समय समयमा गृहकार्य गरेर नल्याएको देखेर उता विद्यालयका गुरुहरू भने सानीसित सन्तुष्ट हुनुहुन्नथ्यो ।

विद्यालयबाट फर्कने बित्तिकै सानीलाई जहिले पनि खेल्न जान नै हतार भइहाल्थ्यो ।



उनलाई वरपरका रुख र पहाडहरू, खोलानालाहरू, किराफट्याङ्ग्राहरू अनि रङ्गीबिरङ्गी फूलहरू हेर्न पाए साह्रै रमाइलो लाग्थ्यो। सानी त्यस्ता कुरा हेरेर कहिल्यै थाक्तिनथिन्।



राति उनी आफ्ना आमाबासँग तिनै कुराबारे सोधिरहन्थिन् । आमाबा भने सानीसँग गृहकार्यबारे सोध्ने गर्नुहुन्थ्यो ।




बिक्रीका लागि होइन

एक दिन सानीकी आमाले सानीका बालाई भनिन्, “हेर्नोस् न, हाम्री छोरीले के के मात्र सोधिरहन्छिन्। हैन, उनले यता धेरै कुरा सिकेकी छन्। केटाकेटीलाई वास्तवमा आफूखुसी देखेर, सुनेर पनि सिक्न दिनुपर्छ जस्तो छ। किताबमा मात्र त्यतिका धेरै कुरा त कहाँ हुन्छन्, हैन र ?”



सानीले आफ्नो गृहकार्यमा भने चाहिनेजति ध्यान दिन नसकेको देखेर एक दिन सानीका आमाबा विद्यालयमा जानुभयो । उहाँहरूले सानीले खेलेर, डुलेर धेरै कुरा सिकेकी, गृहकार्य पनि गर्न खोजेकी तर धेरै भएकाले गर्न नभ्याएकी कुरा सुनाउनुभयो । त्यस बेला गुरुहरूले पनि उहाँहरूको कुरा ध्यान दिएर सुन्नुभयो । गुरुहरूले यसबारे सानीसँग कक्षा सकिएपछि राम्ररी छलफल गर्ने भन्नुभयो ।





माध्यमिक विद्यालय
Secondary School

त्यस साँझ सानी विद्यालयबाट फर्केर कोठामा गृहकार्य गर्ने कोसिस गरिरहेकी थिइन् । उनले एक्कासि “मलाई बचाऊ !” “मलाई बचाऊ !” भन्दै चिच्याएको जस्तो झिनो आवाज सुनिन् ।




बिक्रीका लागि होइन ।

उनले चारैतिर हेरिन्, तर कहाँबाट को चिच्याएको हो, ठम्याउन सकिनन् ।




बिक्रीका लागि होइन ।




क्रीका लागि होइन ।

सानी त्यसपछि फेरि गृहकार्य गर्ने कोसिसमा लागिन् । चिच्याएको फेरि सुनियो । यसपल्ट सानीले त्यो आवाज माथिबाट आएको पत्तो लगाइन् र हेरिन् ।



बिक्रीका लागि होइन ।

अहो ! एउटी सानी नानीलाई ठुलो झिँगाले लखेटिरहेको ! सानो पखेटा भएकी नानी उड्दै भाग्दै थिइन् र तिनलाई झिँगाले लखेटिरहेको थियो ।

त्यो देखेर सानी चकित भइन्। पखेटा भएकी नानी भने उड्दै चिच्याउँदै थिइन्, “लौ न, मलाई बचाऊ! लौ न, मलाई बचाऊ!”



यसपालि सानीले झिँगालाई धपाएर पखेटा भएकी नानीलाई सघाइन् ।





बिक्रीका लागि होइन

पखेटा भएकी नानी त परी पो रहिछन् । उनले खुसी हुँदै सानीलाई धन्यवाद दिइन् र सोधिन्, "भन, तिमीलाई म के दिऊँ ? म तिमीलाई जे मागे पनि दिन्छु ।" सानी अक्क न बक्क भइन् । सानीले सोचिन्, "मसित सबै कुरा छ, झर्को लाग्ने कुरा एउटै छ, त्यो भनेको गृहकार्य हो ।"

त्यसैले उनले भनिन्, “परी नानी, मलाई तपाईँ मेरो गृहकार्यमा सघाइदिनोस् । हेर्नोस्, हाम्रा गुरुहरूले धेरधेरै गृहकार्य दिनुहुन्छ अनि म त त्यसै आत्तिन्छु ।”




बिक्रीका लागि होइन

सानी परी एकछिन जिल्लिइन् अनि हाँसिन् र पखेटा फट्फट् गर्दै भनिन्, “मेरो देशमा म पनि विद्यालय जान्छु, पढ्छु, सिक्छु, तर त्यहाँ त गृहकार्य भन्ने हुँदै हुँदैन, छँदै छैन। हुन्छ, गृहकार्यका जम्मै कुरा, योयो, यसोयसो भनी बताउन् अनि म तिमीलाई सघाइहाल्छु।”




बिक्रीका लागि होइन ।

परी नानीको कुरा सुनेर सानी दङ्ग परिन् र उत्तिखेरै भनिन्, “हुन्छ, म चाहिनेजत्ति जम्मै कुरा खोजेर भनिहाल्छु ।”



नभन्दै परी नानी दिनका दिन गृहकार्य गर्न भनेर सानीकहाँ पुगिन् । त्यस बेला परी नानीले सानीलाई भनिन्, "यो कुन चाहिँ गृहकार्य ? कस्तो गृहकार्य ? अनि यो गृहकार्य गर्न कुन चाहिँ किताब हेर्नुपर्छ त ? त्यो खोई त ? लौ, त्यो किताब त पुस्तकालयबाट ल्याउनुपर्छ, पुस्तकालयबाट ल्याउनुस् त । लौ पल्टाउनुस् त । अब लेख्नुस् ।



बिक्रीका लागि होइन

एउटा गृहकार्य त गरिसकियो, हैन र ? हेर्नुहोस्, यो हिसाब गर्न सात गुणा भन्नुस् त।" परी नानीले सोध्दै गई अनि सानीले पनि खुसी मान्दै चाहिनेजति बताउँदै, लेख्तै र जोड्दै गरिन्।



परी नानीसित आफू झ्याम्मिन पुगेको कुरा सानीलाई पत्तै भएन। परी नानी यो त्यो भन्दै जान्थिन् अनि सानी रमाउँदै तीती कुरा जोड्न यताउति गर्दै खोज्दै हिँड्न थाल्थिन्।



बिक्रीका लागि होइन



परी नानीले सानीलाई सघाउन थालेदेखि सानी नानी धेरै नडुल्ने र थोरै खेल्ने भइन् । उनी दिनहुँ पुस्तकालय जाने र मेहनत गर्ने पनि भइन् ।



अब त सानी खेलीखेली आफ्ना गृहकार्य गर्थिन् र दिनहुँ आफ्ना पाठ पनि राम्ररी बुझ्काउँथिन्। केही दिनमै वार्षिक परीक्षा आयो र सानीले परीक्षामा राम्रो नतिजा पनि हासिल गरिन्।

सानीले सफलता पाएको देखेर आमाबा र गुरुहरू खुसीले गद्गद हुनुभयो । उहाँहरूले सबैका अघिल्तिर सानीको प्रशंसा गर्नुभयो र भन्नुभयो, “सानीले मेहनत गरेर हामीले चिताएसरि नै गरेर देखाई ! परीक्षामा राम्ररी उत्तीर्ण भई !”



परीक्षामा राम्रो नतिजा ल्याएकामा सानी आफैँ पनि खुसी थिइन् र यस कुरामा उनी परी नानीलाई धन्यवाद दिन चाहन्थिन् । उनले मनमनै कृतज्ञ भएर सोचिन्, “परी नानी नहुँदी हुन् त म कसरी विद्यालयको परीक्षामा राम्ररी उत्तीर्ण हुन्थेँ हुँला ?”



सधैँ झैँ परी नानी साँझतिर सानीकहाँ आइन् । त्यस बेला सानीले परी नानीलाई खुसीको कुरा सुनाउँदै भनिन्, “परी नानी, परीक्षामा म राम्ररी उत्तीर्ण भएँ र सबले मलाई बधाई दिए, तर यी सब तिमीले गर्दा भएको कुरा भने मलाई मात्र थाहा छ । यसमा मैले तिमीलाई जति धन्यवाद दिए पनि पुग्दैन !”




बिक्रीका लागि होइन

परी नानीले तुरुन्तै सानीलाई सम्झाइन्, “हैन, हैन, मैले केही गरेकी त हुँ, तर जेजति चाहिने हो, सब कुरा तिमी आफैँले नगरेको भए के हुन्थ्यो त ? लौ भन त ? त्यसैले यस कुरामा मलाई धन्यवाद दिनु पर्दैन।” यो कुरा सुनेपछि सानी नम्र हुँदै परी नानीका अगाडि निहुरिन् ।



बिक्रीको लागि होइन।

एकछिनपछि परी नानीले सानीलाई भनिन्, “सानी, अब तिमी कक्षा ६ मा चढ्यौ, मेरो कामना छ, तिम्रो सधैँ सधैँ प्रगति होस् ! लौ, म गएँ, है त !”

भन्दाभन्दै परी नानी त्यहाँबाट गइहालिन् ।



बिक्रीका लागि होइन

सानीले मनमनै पढ्ने, लेख्ने, खेल्ने, काम गर्ने सबै कुरामा राम्रो गर्दै अघि बढ्ने वाचा गरिन् । त्यस बेला उनको अनुहार उज्यालो, गम्भीर र दृढ थियो ।



बिक्रीका लागि होइन ।